निबन्ध प्रतियोगिता

विद्यार्थीहरूमा सामाजिक सञ्जालका सकरात्मक र नकरात्मक प्रभाव

नाम :- आरती विश्वकर्मा
ठेगाना :- आठबिसकोट नगरपालिका वडा नं. २ पहाडा रुकुम (पश्चिम भाग)
तह :- BBS दोस्रो वर्ष
क्याम्पस :- रुकुमेली क्याम्पस
मिति :- २०८२।९।२५

~~सामाजिक सञ्जाल~~

कम्प्युटर वा मोबाईलमा इन्टरनेट प्रविधि मार्फत आफुले प्राप्त गरेका वा आफुले सृजना गरेका विचार, डिजिटल फोटो, भिडियो-हरु आदि आदान प्रदान गर्ने ~~माध्यम~~ प्रयोग गरिने माध्यमलाई सामाजिक सञ्जाल भनिन्छ। सामाजिक सञ्जालको सुरुवात विश्वमा सन् 1997 मा अमेरिकाबाट भएको हो। सर्वप्रथम प्रयोगमा आएको सामाजिक सञ्जाल sixDegrees.com हो यसका संस्थापक हेल्थ्यु वाइनरिच हुन् भने नेपालमा सन् 2006/7 बाट Hi5 सञ्जाल ~~को~~ प्रचलनमा आएको हो। डुलाक सेवाबाट सुरुवात भएको सञ्जाल हाल विभिन्न सञ्जालहरु मार्फत विस्तारित भएको छ। जस्तै viber, facebook youtub, google, massanger आदि।

सामाजिक सञ्जाल विद्यार्थीहरूका लागि ठुला आभिन्न हिस्साको रूपमा रहेको छ। आजको आधुनिक विज्ञान र प्रविधिको युगमा विभिन्न विषयवस्तुको ~~को~~ खोजि गर्न, अध्ययनका विभिन्न क्षेत्रहरूमा उपयोग गर्ने ~~विद्या~~ विद्यार्थीहरुमा। सामाजिक सञ्जालको अहम भुमिका तथा उपयोगिता रहेको छ। हरेक क्षेत्रमा गएर शिक्षा आर्जन गर्न तथा खोज गर्नका लागि कहिले काही आर्थिक अभाव र समयको अभाव हुन्छ, त्यस समयमा ठुला घरको

सानो कोठाबाट विद्यार्थीले आवश्यक ज्ञान सामाजिक सञ्जालको माध्यमबाट प्राप्त गर्न सकिन्छ। त्यसैले ~~सामाजिक~~ विद्यार्थीहरूमा सामाजिक सञ्जालको सकरात्मक प्रभावलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

- आफ्नो पाठ्यक्रमसँग सम्बन्धी जानकारी प्राप्त गर्न ~~सकिन्छ~~
- समसामयिक घटनाक्रम, सुचना प्राप्त गर्न,
- मनोरञ्जन लिन,
- धेरै टाढा गएर कल क्लिन्न भन्दा online बाट कलास लिएर समय र आर्थिक बचत गर्न,
- सामुहिक कार्यहरू सञ्चालन गर्न,
- एक अर्कासँग वार्तालाप गर्न,
- खोज अनुसन्धानका कार्यहरूमा सहजता प्रदान गर्न,
- शिक्षकलाई र विद्यार्थीहरू बीच अन्तरक्रिया गर्न,

हरेक विषयको सकरात्मक र नकरात्मक पक्ष हुन्छ। यति धेरै सकरात्मक प्रभाव हुदा हुँदै पनि ~~यस्ता सामाजिक सञ्जालको विट प्रो~~ यसका केही ~~प्रमुख~~ नकरात्मक प्रभावहरू रहेका छन्। नकरात्मक प्रभाव आउँनु सृजना हुने विषय होइन यो हाम्रो प्रयोगमा भर पर्ने कुरा हो। त्यसैले यसका नकरात्मक ~~पक्षहरू~~ प्रभावहरूलाई पनि निम्नानुसार उल्लेख गरिएको छ।

- सामाजिक सञ्जालको अत्याधिक प्रयोगले समय खेर जाने,
- अत्याधिक प्रयोगले विद्यार्थीमा स्वास्थ्य समस्या देखा पर्ने,

- विद्यार्थीहरूमा आत्मियता घट्ने,
- सबै खोजेर पढ्ने हरू विद्यार्थीको शिर्जनशीलतामा ह्रास आउने,
- अवास्तविक कुरामा ~~विश~~ विश्वास गर्दा balck ~~मेल~~ मेल हुने,
- अत्याधिक प्रयोगले बाहिर नआउँदा समाजको रहन सहन चाल चलन र व्यावहारीक ~~जिवन~~ जीवन बारे बन्चित हुने आदि।

आजको प्रतिस्पर्धात्मक युगमा युगीन चाहना अनुरूप विद्यार्थीका माग र आवश्यकतालाई पुरा गर्न बालकहरू समस्या देख्न परेको छ त्यसकारण यसको सकारात्मक र नकारात्मक प्रभावलाई मध्यनजर गर्दै अगाडि जानुपर्छ।